जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १९६ २०८१ साल फागुन २१ गते बुधवार (5 Mar. 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : चलचित्रमा नयाँ पुस्ता र ... ३ पृष्ठमा : साढे छ खर्बको घाटा बजेट ... ३ पृष्ठमा : अमेरिकामा दादुराको प्रकोप ...

## वडाध्यक्षले मनपर्दी गरेको स्थानीयको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष बद्री नारायण सरदारले आफ्नै मनमानी ढंगले काम गर्न लागेको स्थानीयले आरोप लगाएका छन ।

स्थानीयले मंगलवार पत्रकार सम्मेलन गर्दै यस्तो आरोप लगाएको हो । वडा अध्यक्ष सरदारले प्रकृया, पारदर्शीता उलंघन गर्दै बढीजसो कार्यालयमा नवस्ने, आएको बखत पनि आसपासको चियापसल तथा अन्य ठाउँमा बसेर समय बिताउने गरेका कारण उनी मार्फत हुने गरेका काममा सेवाग्राहीलाई हैरानी हुने गरेको स्थानीय रंजित भगतले बताए ।

उनले उपभोक्ता समिति गठन गरेपनि वडाध्यक्ष सरदार सोको सूचना नै ननिकाली आफ्ना नजिकका ब्यक्तीलाई राखेर गोप्य ढंगले समिति गठन गर्ने गरेको आरोप समेत लगाए । विगत दुई बर्षदेखि हाल सम्मका वडामा गठित उपभोक्ता समितिको तथ्याङ्क माग गर्दा समेत उनले दिन नमानेको बताए ।

यस्तै सोही वडास्थित श्रीलुलसज माध्यमिक विद्यालय तेरौहतामा भवन निर्माणका लागी आएको ५५ लाख रुपैयाको बजेट टेण्डर र कुनै सुचना ननिकाली काम सूरु गरेको र सोको बारेमा निवेदन दिएर जानकारी माग्दा गाउँपालिका कार्यालय र विद्यालयमा गएर बुझ्नु भन्दै तोक लगाएर फिर्ता पठाइदिएको स्थानीय बुदुर चौधरीको गुनासो छ ।

अर्को स्थानीयवासी रविन्द्र सरदारले राजेन्द्र दासको घर देखी इश्वर भगत र नन्द किशोर भगतको घरदेखि गैंड सिह मन्दिर सम्मको आरसिसी ढलान कामको गूपचुपमा

***बाँकी अन्तिम पृष्ठमा***

## सडक विस्तारको विषयलाई लिएर नगरपालिकालाई अदालतको आदेश




**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

उच्च अदालत जनकपुर-राजविराज इजलासले हुलाकी सडक अन्तरगत राजविराज-कंचनपुर सडक खण्डको निर्माण तथा विस्तार कार्य हाललाई रोकिने अन्तिरिम आदेश दिएको छ ।

न्यायाधीश शुशिल कोइरालाको एकल इजलासले अन्तिरिम आदेश जारी गरेपछि सडक निर्माण तथा विस्तार कार्य रोकिने भएको हो ।

साविक सडकको केन्द्र विन्दुबाट दुवै तर्फ समानुपातिक रुपमा बराबरी पर्ने गरी सडक निर्माण नभईरहेको भन्दै एक पक्ष न्यायका लागि अदालत पुगेका थिए ।

स्थानिय नुरजहाँ बेगमले राजविराज नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत जनकपुर राजविराज इजलासमा दायर गरेको निषेधाज्ञा मुद्दामा मंगलबार सुनुवाई भए पश्चात् उक्त आदेश आएको हो ।

"निवेदकले अन्तिरिम आदेश माग गरेको सम्बन्धमा भएको बहस र विचार गर्दा सर्वे नापी नक्सामा भएको सडकलाई आधार मानि सडकको केन्द्र विन्दुबाट दुवै तर्फ समानुपातिक रुपमा बराबरी पर्ने बाहेक निवेदकको हकभोग र स्वामित्वको जग्गा तर्फबाट मात्र हस्तक्षेत्र गरेर सडक निर्माण कार्य नगर्नु गराउनु" जारी आदेशमा उल्लेख छ ।

उक्त विषयमा कुनै आधार र प्रमाण भए बाटाका म्याद बाहेक १५ दिन भित्र उच्च सरकारी वकिल कार्यालय राजविराज मार्फत लिखित जवाफ पेश गर्नु भनि समेत विपक्षी राजविराज नगरपालिकाको नाममा अदालतद्वारा जारी आदेशमा उल्लेख छ ।

## मधेस सहिद प्रतिष्ठाका सदस्य मृत फेला

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २० फागुन ।**

मधेस सहिद प्रतिष्ठानका सदस्य रामनरेश राय (यादव) मंगलबार जनकपुरधाममा मृत भेटिएका छन् ।

सर्लाहीको मलङ्गवा नगरपालिकाको गम्भरिया घर भएका ३७ वर्षीय यादव जनकपुरधामस्थित मधेस प्रदेश भवनभित्र मृत फेला परेका जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए ।

ओछ्यान नजिक यादवले बान्ता गरेको पाइएको र उहाँको मृत्युको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ । उनको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

क्षयरोगबाट बचौं, बचाऔं ।

समयमै उपचार गरे क्षयरोग निको हुने रोग हो । यसको जाँच र औषधी नि:शुल्क प्राप्त हुन्छ । नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं । फोक्सोको क्षयरोग सरुवा रोग हो ।
धुमपान करत हरान । मद्यपान लेत जान ।

नेपाल क्षयरोग निवारण संस्था
सप्तरी शाखा ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

➢अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
➢अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
➢सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
➢सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
➢अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मैथिली कला, संस्कृतिको विकासका लागि प्रदेशको प्रतिबद्धता

जनकपुरधाम, २० फागुन (रासस)।

मधेश-प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोजकुमार यादवले मैथिली भाषा र संस्कृतिको विकास तथा संरक्षणमा मधेश-प्रदेश सरकारबाट कुनै कमी हुन नदिने प्रतिबद्धता जनाउनुभएको छ।

मैथिली विकास कोष परिषद् जनकपुरधामको नवनिर्मित भवनमा मंगलबारदेखि सुरू भएको मधेश-प्रदेश प्रादेशिक लालितकला प्रदर्शनी कार्यक्रममा उहाँले नेपालीपछि मैथिली भाषा नेपालको सबैभन्दा बढी बोलिने भाषा भएकाले त्यसको संरक्षण तथा विकासलाई मधेश-प्रदेश सरकारले प्रथम प्राथमिकतामा राखेको र विकासका लागि गृहकार्य गरिरहेको बताउनुभयो।

मुलुकमा भौतिक विकासका साथै सभ्यता, संस्कृति तथा कलाको विकास नभए देशको विकास नहुने उल्लेख गर्दै उहाँले मैथली विकास कोषलाई मिथिलाको संस्कृति तथा संस्कारलाई दिगो बनाउन तथा जगेना गर्नका लागि के-कस्ता योजना बनाउने हो, त्यसको खाकासहित मधेश प्रदेश सरकार समक्ष पेस गर्न अनुरोध गर्नुभयो।

सोही समारोहमा पूर्वमन्त्री तथा मधेश-प्रदेश सासंद रामसरोज यादवले मैथली विकास कोष परिषद्ले मैथली भाषा तथा संस्कृतिको विकासका लागि सरकारसँग हातोमालो गरेर अगाडि बढनुपर्नेमा जोड दिनुभयो। उहाँले मैथली विकास कोषको पूर्वाधार निर्माणमा रू दुई करोडको थप कोष खडा गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले जुन समाजमा कला, संस्कृति तथा सभ्यताको संरक्षण हुँदैन त्यो समाज जीवित नहुने उल्लेख गर्दै मिथिला संस्कृतिको संरक्षणमा सबैको ध्यान जानुपर्ने बताउनुभयो। उहाँले लोप भएको युरोपको सभ्यता तथा संस्कृतिको उदाहरण दिँदै मिथिला कला, संस्कार तथा संस्कृतिको विकासका लागि ठोस योजना आवश्यक रहेकाले त्यसका लागि मिथिला सङ्ग्राहलय बनाउनुपर्नेमा जोड दिनुभयो।

सोही कार्यक्रममा राससका अध्यक्ष झालाई दोसल्ला ओढार सम्मानित गरिएको थियो। कार्यक्रममा कोषका अध्यक्ष जिवनाथ चौधरीको सभापतित्वमा भएको थियो। प्रदर्शनी पाँच दिन चल्ने छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चलचित्रमा नयाँ पुस्ता र 'होस्टेल' को प्रयोग

**भेषराज कार्की**

काठमाडौँ, २० फागुन (रासस)।

निर्माणको सङ्ख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण चलचित्रप्रति आकर्षण बढेको पाइन्छ। सोही कारण बेलाबखतमा यस क्षेत्रमा नयाँ अनुहारको आवश्यकता खड्किने गर्छ। एक दशकअघि देखि नयाँ पुस्ताका रूपमा प्रदीप खड्का, अनमोल केसी, सलोन बस्नेतको आगमन भएको कारण नयाँ पुस्ता चलचित्र भवनसम्म पुगे। उनीहरूले आफ्नो पुस्तालाई मुख्य कलाकारका रूपमा मात्र पाएनन्, आफ्नो कथा, लवज र जीवनशैली पनि पाए।

नेपाली चलचित्रमा नयाँ अनुहार ल्याउने श्रेय 'होस्टेल' शृङ्खलालाई जान्छ। प्रदर्शन भइसकेको 'होस्टेल' र 'होस्टेल रिट्न्स' बाट चलचित्रमा 'डेब्यु' गर्नुभएका अभिनेता अनमोल केसी, सलोन बस्नेत, स्वस्तिमा खड्का, नाजिर हुसेनलगायत अहिले स्थापित बनिसक्नु भएको छ। कुनै समय नयाँ कलाकारलाई चलचित्रमा ल्याउन 'होस्टेल' शृङ्खला उपयुक्त मानिन्थ्यो। तर, विविध कारणले यसको दोस्रो शृङ्खलापछि तेस्रो बन्न धेरै समय लाग्यो। 'होस्टेल रिट्न्स' प्रदर्शन भएको एक दशकपछि यसको तेस्रो शृङ्खला 'होस्टेल ३' तयार भएर आउँदो फागुन २३ मा प्रदर्शन हुँदैछ।

यसपटक चलचित्र निर्माण, निर्देशनदेखि अभिनय गरेका कलाकार नयाँ छन्। विशेषतः यसलाई 'नयाँ पुस्ता' को चलचित्र भन्न सकिन्छ। यस चलचित्र 'होस्टेल ३' मार्फत अभिनय यात्रा प्रारम्भ गर्नुभएका पदम तामाङ भारतको सिक्किममा बसोबास गर्नुहुन्छ। आफ्नै 'युट्युब च्यानल'मार्फत विभिन्न हास्य व्यङ्ग्यात्मक कार्यक्रम निर्माण गरिरहनुभएका तामाङले ती सब छाडेर चलचित्रमा अभिनय रोज्नुभयो। "मलाई बेलाबखतमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आउँथ्यो तर केहीमा कथा र केही पात्रमा आफूलाई पाउन सकेको थिइनँ। साथै, मैले निर्माण गर्ने 'कन्टेन्ट'लाई युट्युबमा दर्शकले रुचाउनु भएको थियो, मसँग जोडिएका सबैले बल्ल मेहनत फल पाउनुभएको थियो। अर्थात् हाम्रो राम्रो दिन सुरु भएको थियो। त्यही भएर ती सब छाडेर, सिक्किम छाडेर नेपाल आएर चलचित्रमा अभिनय गर्ने आँट आएको थिएन", अभिनेता तामाङले भन्नुभयो।

यद्यपि 'होस्टेल ३' बाट प्रस्ताव आएपछि उहाँका सबै सहकर्मी र परिवारले समेत नयाँ यात्रा सुरू गर्न प्रोत्साहन गर्नुभयो। सोही कारण उहाँले पुरानो परिचयलाई चट्ट छाडेर नयाँ परिचयको सुरुआत गर्नुभएको छ। यस्तै, कथा अभिनेत्री सिम्रन पन्तको पनि रहेको छ। विद्यालयमा अभिनय गर्दा कहिले एक्लै चलचित्र हेर्न समेत नपाउनुभएकी उहाँ अहिले चलचित्रमा अभिनेत्री बन्नुभएको छ।

बेलाबखतमा परिवारसँग चलचित्र भवन पुग्दा उहाँलाई खुसी मिल्ने रहेछ, सोही कारण उहाँले उच्च शिक्षासँगै कलात्मक पाटोलाई समेत बढाउँदै लानुभयो। फलतः 'अडिसन'मार्फत उहाँ अभिनेत्रीका रूपमा छानिनुभयो। "मैले अभिनयको प्रशिक्षण पनि लिएकी थिएँ। तर, यसअगाडि केही चलचित्रमा काम गर्ने तय भए तापनि त्यो बनेनन्, त्यसकारण प्रस्ताव आउनु नयाँ थिएन। होस्टेलको तेस्रो शृङ्खला बन्दैछ भन्ने थाहाँ पाएपछि म खुसी भएँ। मैले अभिनय गर्दैछु भन्ने तय भएको दिनको उत्साहलाई मैले शब्दमा बयान गर्न सक्दिन", अभिनेत्री पन्तले भन्नुभयो।

उहाँ खुसी हुनुको कारण अभिनेता तामाङ झैँ 'होस्टेल' शृङ्खलाको दर्शक भएर हो। उमेरले चालिस पुग्नुभएका कलाकारहरूको भीडमा आफ्नै पुस्तालाई चलचित्रमा पाउँदा अभिनेत्री पन्त दङ्ग पर्नुभयो। किनकि युवाको होस्टेल जीवन मात्र नभई 'टिन एज' मा आउने उतारचढाव समेत चलचित्रमा समावेश गरिएको थियो। या भनौँ तन्नेरी पुस्ताको कथा र व्यथा चलचित्रमा थियो। तेस्रो शृङ्खला अर्थात् 'होस्टेल ३' मा नयाँ पुस्तासँगै जोडिएको विषय भएपछि 'कुल ब्वाई' नामक 'टिकटकर'का रूपमा परिचय बनाउनुभएका पारसबम ठकुरी ठूलो पर्दामा अभिनय गर्न सहमत हुनुभयो।

"प्रस्ताव गरिएको पात्र आफू झैँ लाग्नाका साथै आफ्नै जस्तोको कथा लागेपछि चलचित्रमा काम गर्ने सोच बनाएको हुँ। फेरि कुनै न कुनै समयमा आफूलाई भिन्न परिचय दिनु नै थियो। म सानो क्यामेराबाट यहाँसम्म आइपुगेको छु। म परिचय फेर्न त आएको हुँ, तर धरातल नछाडेर। आफूले सपना देखियो र त्यसलाई पूरा गर्न इमान्दारिताका साथ लागियो भने निश्चय सफलता पाइन्छ भने उदाहरण बन्न सकूँ जस्तो लाग्छ", अभिनेता ठकुरीले भन्नुभयो।

उहाँलाई चलचित्रमा काम गर्न सहज लाग्नाका कारण नै आफ्नै जस्ता र उमेर समूहका कलाकार तथा प्राविधिक थिएँ। सबै नयाँ र उस्तै उमेर समूहको भएकै कारण सजिलै चलचित्र बन्यो। सामाजिक सञ्जाल वा निःशुल्क दर्शकले रुचाउनु भए तापनि ठूलो पर्दामा हेर्न आउने हो कि होइनन् भन्ने डर त सबैलाई छ। तर, आफूले गरेको कामप्रति सबै ढुक्क छन्। यसै चलचित्रमार्फत अभिनयको सुरुआत गर्ने अर्का कलाकार हुनुहुन्छ, आशिष घिमिरे। छ वर्षको उमेरदेखि हास्य टेलिशृङ्खला 'मेरी बास्सै' मा 'धुन्धुकारी' को भूमिकामा लगातार पाँच वर्षसम्म अभिनय गर्नुभएका अभिनेता घिमिरे कलाकार केदार घिमिरेका छोरा हुनुहुन्छ।

बुबा टेलिशृङ्खला र चलचित्रमा स्थापित भए तापनि अभिनेता घिमिरेले केही साङ्गीतिक श्रव्यदृश्यमा लेखक र निर्देशन समूहमा रहेर काम गर्नाका साथै आरोहण गुरुकुल नाटकघरमा नाट्यकर्मी सुनिल पोखरेलसँग अभिनय सिक्नुभयो। उहाँले केही सडक नाटक, नाट्यकर्मी पोखरेलको निर्देशनमा तयार भएको 'गच्छामि' नामक नाटक र रामभजन कामतले निर्देशन गर्नुभएको 'काल' नामक नाटकमा अभिनय गरेपछि चलचित्रमा अभिनय गर्नुभयो। "चलचित्र बन्दैछ र चाहिएको पात्र म गर्न सक्छु भन्ने लागेपछि 'अडिसन' दिएँ। निर्माण समूहले खोजे झैँ पात्र भए तापनि धेरै पटक अडिसन दिएपछि म छनोट भएको हुँ। म मेरो बुबाको नाम र पहिचानभन्दा पनि आफ्नै कामले चिनिन चाहन्थे। सोही कारण आफूले सक्दो मेहनत गरेर चलचित्रसम्म आएको हुँ", अभिनेता घिमिरेले भन्नुभयो।

अभिनेता घिमिरेसँगै अन्य तीन कलाकारको पनि पहिलो चलचित्र भएकाले नर्भस, उत्साह र डर सबैमा थियो। एकआपसमा घुलमिल हुनाका साथै कार्यशाला (अभिनय प्रशिक्षण) गरे तापनि छायाङ्कनको पहिलो डर सबैमा थियो। किनकि यहाँ आफ्नो कारणले चलचित्र निर्माण गर्न तयार प्राविधिकसहितको टिमको काम बिग्रिन्थ्यो। "हामी सबैको उस्तै उस्तै मनोभाव रहेछ। किनकि प्राविधिक सबै पोख्त हुनुहुन्थ्यो। हाम्रो कारणले उहाँको कामसमेत सफल हुन्थेन। तर, छायाङ्कन अगाडि हामीले होस्टेल शृङ्खलामा अभिनय गर्नुभएका पुराना कलाकारलाई भेटेर उहाँको अनुभव सुनेका थियौँ, त्यसले हामीलाई आत्मविश्वास बढाउन मदत गर्‍यो", अभिनेता ठकुरीले भन्नुभयो।

'होस्टेल'मा अभिनय गर्ने अभिनेता गौरव पहाडी र सलोन बस्नेतले सुनाएको अनुभव आफ्नो भन्दा फरक नपाएको अभिनेत्री पन्तले बताउनुभयो। नयाँमा सबै उस्तै हुने वा उही मनोविज्ञान हुने भएपछि सबै कलाकारलाई थप ऊर्जा प्राप्त भयो। त्यही ऊर्जाले उनीहरूलाई छायाङ्कन गर्ने दृश्यमा आफ्नो पात्रलाई जीवन्त बनाउन मदत गर्‍यो।

चलचित्रमा अन्य 'डेब्यु' कलाकार रिहान गिरी, हिना नगरकोटी र समा पराजुली पनि हुनुहुन्छ। उहाँ सम्पूर्ण कलाकार चलचित्र 'होस्टेल ३' को सार्वजनिक प्रचार सामग्रीमा आत्मविश्वासी देखिनुभएको छ। पात्रलाई जीवन्त बनाएको प्रतिक्रिया दर्शकले सामाजिक सञ्जालमा दिनुभएको छ। दर्शक प्रतिक्रियाकै कारण अभिनेता तामाङ अब अभिनयलाई निरन्तरता र युट्युबमा नयाँ 'कन्टेन्ट' तयार गर्ने तयारीमा हुनुहुन्छ। "म आगामी दिनमा हास्य कलाकारकै रूपमा देखिन्छु भन्ने लागेको छ। किनकि यसमा पनि मेरो पात्रले गर्ने गतिविधिले चलचित्र हेर्न आउनु हुने दर्शक हाँस्न बाध्य बन्नु हुन्छ। साथै, आफ्ना रोकिएको कामको पनि सुरुआत गर्छु", अभिनेता तामाङले भन्नुभयो।

व्यावसायिक सुरक्षाका कारण प्रायः निर्देशकको रोजाइमा स्थापित अनुहार पर्ने देखिए पनि नयाँ अनुहारले चलचित्रमा नयाँ दर्शक तान्न सक्ने भएको र विषयवस्तुसँगै 'होस्टेल' शृङ्खलाको 'लिगेसी' लाई अगाडि बढाउन नयाँ पुस्ताको चलचित्र बनाएको निर्देशक सशान कँडेलले बताउनुभयो। "म आफैँ निर्देशकका रूपमा नयाँ भएकाले मैले प्रतिभा भएका र मेहनत गर्नसक्ने नयाँ पुस्तालाई चलचित्रमा ल्याएको छु। उहाँहरू सबै आउँदो केही वर्षमा सर्वाधिक खोजिने कलाकारका रूपमा परिचित बन्नुहुनेछ भन्ने मलाई लागेको छ। तर, अहिलेको जस्तै मेहनती र सरल भने रहन सक्नुपर्छ", निर्देशक कँडेलले भन्नुभयो।

यसअगाडिका 'होस्टेल' का दुई शृङ्खलाले नयाँ पुस्तालाई कलाकारितामा स्थापित गराउनाका साथै व्यावसायिक सफलता पनि हासिल गरेको थियो। 'होस्टेल ३' को व्यापार आउँदो केही सातामा थाहा हुने भए तापनि यसमार्फत चलचित्रमा भित्रिएका नयाँ पुस्ताको चर्चा भने अहिले नै बढिरहेको छ।

# साढे छ खर्बको घाटा बजेट ल्याउन सकिने गरी स्रोत अनुमान

**हेमन्त जोशी**

काठमाडौँ, २० फागुन (रासस)।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि करिब साढे छ खर्ब बराबरको घाटा बजेट ल्याउन सकिने गरी स्रोतको सीमा (सिलिङ) निर्धारण गरेको छ।

आगामी आर्थिक वर्षका लागि रु १९ खर्ब ६५ करोडको बजेट 'सिलिङ' निर्धारण गर्दा आन्तरिक राजस्वबाट रु १२ खर्ब ६३ अर्ब १० करोड मात्रै प्राप्त हुने अनुमान गरिएको छ। अर्थात् आगामी आर्थिक वर्षका लागि निर्धारण भएको सिलिङअनुसार बजेट ल्याउने हो भने रु ६ खर्ब ३७ अर्ब ५५ करोड स्रोत अपुग हुनेछ। यस्तो अपुग रकमलाई आन्तरिक तथा बाह्य ऋण र अनुदानमार्फत पूर्ति गरिनेछ। मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) अनुपातमा सार्वजनिक ऋण बर्सेनि बढ्दै जानु, ऋणको साँवाब्याज भुक्तानीका लागि ठूलो रकम खर्च हुनु, ऋण लिएको रकम पुँजी निर्माणमा भन्दा चालु प्रकृतिका कार्यमा जानुलाई चुनौतीका रूपमा हेर्ने गरिन्छ। स्रोत अनुमान समितिले निर्धारण गरेको सीमाअनुसार नै बजेट आउने हो र सोही अनुसार खर्च पनि हुने हो भने आगामी आर्थिक वर्षमा मात्र मुलुकलाई करिब रु ६ खर्ब ऋण थपिने देखिन्छ।

ठूलो आकारको बजेट ल्याउन ऋणलाई स्रोतका रूपमा देखाउने तर आन्तरिक राजस्व भने बढ्न नसक्ने स्थिति हरेक वर्ष आउने गरेको छ। आगामी आर्थिक वर्षको सरकारी राजस्व वृद्धिको अनुमान हेर्ने हो भने चालु आर्थिक वर्षको बजेटमा राखिएको लक्ष्यकै हाराहारीमा छ। यद्यपि, चालु आर्थिक वर्षको संशोधित अनुमानभन्दा १० दशमलव तीन प्रतिशतले आन्तरिक राजस्व प्राप्ति बढ्ने आँकलन स्रोत अनुमान समितिले गरेको छ। चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले रु १२ खर्ब ६० अर्ब ३० करोड आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो। तर बजेटको मध्यावधि समीक्षामार्फत राजस्वको लक्ष्य घटाएर रु ११ खर्ब ४५ अर्ब २६ करोड बराबर मात्रै प्राप्ति हुने अनुमान गरिएको छ। मध्यावधि समीक्षामार्फत राखिएको राजस्व सङ्कलनको लक्ष्यका तुलनामा आगामी आर्थिक वर्षमा करिब १० प्रतिशत राजस्व बढ्ने अनुमान गरिनु विगतको भन्दा कम र यथार्थपरक रहेको राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी बताउनुहुन्छ।

"चालु आवको बजेटको मध्यावधि समीक्षाका आधारमा हामीले आगामी आर्थिक वर्षको आन्तरिक राजस्वको अनुमान गरेका हौँ। विगतमा २०/२२ प्रतिशत सम्म राजस्व वृद्धिको अनुमान गर्ने गरिन्थ्यो। तर अहिले हामीले १० प्रतिशत मात्रै गरेका छौँ। यो यथार्थपरक र विधिमा आधारित छ", रासससँग कुरा गर्दै उहाँले भन्नुभयो।

आगामी आर्थिक वर्षका लागि रु १९ खर्ब हाराहारीको बजेट ल्याउन सकिनेगरी सीमा निर्धारण गर्दा करिब साढे ६ खर्ब बराबर स्रोत अपुग हुने देखिन्छ। उक्त रकम वैदेशिक ऋण तथा अनुदान र आन्तरिक ऋण उठाएर पूर्ति गर्नुपर्ने हुन्छ। चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षमा वैदेशिक सहायता २८ दशमलव आठ प्रतिशतले बढ्ने आँकलन स्रोत अनुमान समितिको छ। आगामी आर्थिक वर्ष वैदेशिक अनुदान रु ४५ अर्ब र वैदेशिक ऋण रु दुई खर्ब ३५ अर्ब नौ करोड प्राप्त हुने अनुमान समितिको छ। सरकारले चालु आर्थिक वर्षको बजेटको मध्यावधि समीक्षामार्फत वैदेशिक ऋण र अनुदान प्राप्तिको लक्ष्य पनि संशोधन गरेको थियो। चालु आर्थिक वर्षका लागि रु दुई खर्ब १७ अर्ब ६७ करोड वैदेशिक ऋण लिने सरकारको लक्ष्य रहेकामा गत माघमा मध्यावधि समीक्षामार्फत त्यसलाई घटाएर रु एक खर्ब ८० अर्ब ८४ करोड कायम गरिएको छ।

त्यसैगरी चालु आवमा रू ५२ अर्ब ३३ करोड वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकामा बजेट समीक्षामार्फत त्यसलाई घटाएर रु ३६ अर्ब ६३ करोड कायम गरिएको छ। आगामी आर्थिक वर्षका लागि स्रोतको अनुमान गर्दा वैदेशिक ऋण उपलब्ध गराउने भनेर दातृ निकायबाट प्राप्त प्रतिबद्धतालाई हेरिएको भए पनि वैदेशिक अनुदान प्राप्तिमा केही फरक पर्नसक्ने आयोगका उपाध्यक्ष अधिकारी बताउनुहुन्छ। विशेषगरी अमेरिकी अनुदान सहयोगका रूपमा रहेको मिलेनियम च्यालेन्ज कर्पोरेसनमार्फत प्राप्त हुने रकम निरन्तरता हुन्छ वा हुँदैन भन्ने विषयले आगामी आर्थिक वर्षको वैदेशिक अनुदान प्राप्तिमा पनि फरक पर्ने उहाँको भनाइ छ।

आगामी आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्ने स्रोत देखाउँदा आन्तरिक ऋणको आकार पनि चालु आर्थिक वर्षको भन्दा बढाउन खोजिएको छ। सरकारले चालु आर्थिक वर्षका लागि रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखेको छ। आगामी आर्थिक वर्ष २०८२/८३ का लागि भने रु तीन खर्ब ५७ अर्ब ४६ करोड बराबर स्रोत आन्तरिक ऋण उठाएर पूर्ति गर्न सकिने अनुमान गरिएको छ।

घाटा बजेट ल्याउने अभ्यास विश्वभर नै रहेको र आन्तरिक स्रोतले धान्नेभन्दा ठूलो आकारको बजेट ल्याउनु आलोचनाको विषय नरहे पनि ऋण लिएको रकम कहाँ र कसरी खर्च हुन्छ भन्ने कुराले भने महत्व राख्ने आयोगका उपाध्यक्ष अधिकारी बताउनुहुन्छ। "घाटा वित्त परिचालन गर्ने संसारभरको अभ्यास छ। त्यो रकम कहाँ खर्च हुन्छ भन्ने महत्त्वपूर्ण हो। यसमा आलोचना भनेको सापेक्ष विषय हो। पहिलेको भन्दा निकै यथार्थपरक र वास्तविकतामा आधारित भएर स्रोतको अनुमान गरिएको छ," उहाँले भन्नुभयो।

# कडा लक्षणको मौसमी 'फ्लू' देखिँदै

**बुनु थारु**

काठमाडौँ, २० फागुन (रासस)।

बनस्थलीका २८ वर्षीय राज घिमिरेलाई ज्वरो आउने, जीउ दुख्ने, खोकी लाग्ने, घाँटी खसखस हुने, जीउ आलस्य हुने लक्षण देखियो। दुईहप्ता घरमै आराम गरेर निको भए पनि उहाँलाई हल्का खोकी अझै लागिरहेको छ।

भक्तपुरकी सानु खड्काले यो वर्षको फ्लू (इन्फ्लुएन्जा) कडा महसुस गर्नुभयो। उहाँले लामो समयसम्म खोकी लागिरहने समस्या पहिलो पटक भोग्नुपरेको सुनाउनुभयो। "खोकी एकदमै लामो समयसम्म लागिरहेको छ। एक हप्ता टाउको उठाउनै सकिन। जीउ आलस्य र एकदमै कमजोर भएको छ", खड्काले भन्नुभयो।

उहाँहरू मात्रै होइन यस पटक धेरैजसोले यस्तै समस्याको सामना गर्नुपरेको गुनासो गरिरहेका छन्। छाति तथा दम रोग विशेषज्ञ डा नवीनकुमार मिश्राले पनि फ्लू लाग्ने सिजन सकिसक्दा पनि लामो लक्षणसहितको फ्लू देखापरिरहेको बताउनुभयो। सामान्यतया: नेपालमा जनवरी-मार्च महिना र जुलाई-सेप्टेम्बर महिनामा फ्लू बढी देखिने भए पनि यसपटक निकै लम्बिएको उहाँले सुनाउनुभयो।

डा मिश्राका अनुसार मौसमी रुघाखोकीको लक्षण सामान्यतया एक सातामा आफैँ हराएर जाने तर केहीलाई भने जटिल समस्या निम्त्याउन सक्छ। मौसम परिवर्तन भएसँगै फ्लूका बिरामी देखिन थालेका छन्। धेरैमा कडा लक्षण देखिएको छ। विशेषगरी लामो समयसम्म खोकी लाग्ने समस्या देखिएको छ। यसमा अचानक ज्वरो आउनु, सुख्खा खोकी लाग्नु, टाउको दुख्नु, मांसपेशी दुख्नु, अस्वस्थ्य महसुस हुनु, घाँटी दुख्नु, नाक बग्नु आदि लक्षण देखा पर्न सक्छन्। फ्लूमा खोकी गम्भीर हुनसक्छ र दुई हप्ता वा सोभन्दा बढी पनि रहनसक्छ।

यसले श्वासप्रश्वास प्रणालीमा सङ्क्रमण गराउने भएकाले पीडितलाई भाइरल वा ब्याक्टेरियल निमोनिया (फोक्सोको सङ्क्रमण)सँगै अन्य सङ्क्रमणको खतरासमेत हुने सम्भावना सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुनले बताउनुभयो। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका रिसर्च युनिट संयोजक उहाँले हाल धेरैले लामो समयसम्म खोकी लागिराख्ने समस्या लिएर आउने बिरामी बढिरहेको बताउनुभयो। पुनले भन्नुभयो,"फ्लूले धेरै लामो समयसम्म दुःख दिने गर्छ। सामान्यतया: हप्ता वा १० दिनसम्म निको हुने फ्लू हाल थप केही हप्तासम्म लम्बिएको देखिन्छ। हप्तौँसम्म लम्बिने खोकीलाई 'पोस्ट भाइरल कफ' भनिन्छ।"

उहाँले कोभिडमा देखिएको गन्ध र स्वाद थाहा नपाउने लक्षण यो फ्लूमा पनि देखिएको भन्दै कोभिडका 'सब-भेरियन्ट' पनि हुनसक्ने आँकलन गर्न सकिने बताउनुभयो। सङ्क्रामक रोग विशेषज्ञ डा पुनले मौसम परिवर्तन र वायु प्रदूषणले पनि फ्लूको जोखिम बढाएको बताउनुभयो।

"हाल हडकड फ्लू देखिएको छ। जोखिम वर्गमा पर्ने बालबालिका, ज्येष्ठ नागरिक, दीर्घरोगी बढी जोखिममा हुन्छन्। चिकित्सकको परामर्शमा रहने र गम्भीर अवस्था देखिएमा निमोनिया हुनसक्ने भएकाले थप सतर्कता अपाउन आवश्यक छ", उहाँ भन्नुहुन्छ,"मास्क लगाउने, सरसफाइमा ध्यान दिने, सङ्क्रमित व्यक्तिबाट सजग रहने, सङ्क्रमण देखिएमा पर्याप्त मात्रामा आराम गर्ने गर्नुपर्दछ। फ्लूविरुद्ध खोप लगाउनु राम्रो हुन्छ।"

विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ) काअनुसार मौसमी रुघाखोकीको भाइरस 'ए', 'बी', 'सी' र 'डी' गरी चार प्रकारको हुने भए पनि मुख्य रूपमा महामारीमा भने 'ए' र 'बी' भाइरस बढी फैलिने गरेका छन्। डब्लूएचओका अनुसार विश्वभर हरेक वर्ष मौसमी रुघाखोकीका कारण ३० लाखदेखि ५० लाख 'केस' पहिचान हुने गरेका छन्। तीमध्ये दुई लाख ९० हजारदेखि छ लाख ५० हजार जनासम्मको श्वासप्रश्वासमा जटिलता आएर मृत्यु हुने तथ्याङ्कले देखाउँछन्।

खोपले शतप्रतिशत सुरक्षा नदिए पनि जटिलता र अस्पताल भर्ना हुनबाट जोगाउन सहयोग गर्छ। चिकित्सकहरूका अनुसार इन्फ्लुएन्जाका लक्षण सामान्यतया भाइरस भएको व्यक्तिबाट सङ्क्रमित भएको दुई दिनपछि सुरु हुन्छ। उच्च जोखिममा रहेका व्यक्तिमा गम्भीर समस्या, अस्पताल भर्ना र मृत्युसमेत हुनसक्छ।

काठमाडौँ मेडिकल कलेज श्वासप्रश्वास रोग विभागीय

***बाँकी अन्तिम पृष्ठमा***

## विश्व समाचार

### अमेरिकामा दादुराको प्रकोप बढ्दो

ह्युस्टन, २० फागुन (रासस/सिन्ह्वा)।

अमेरिकी सेन्टर फोर डिजीज कन्ट्रोल एन्ड प्रिभेन्शन (सीडीसी)ले सन् २०२३ को अन्त्ययता बालबालिकामा दादुराको जोखिम बढ्दै गएको चेतावनी दिएका छन्। अमेरिकाको दोस्रो ठूलो राज्य टेक्सासमा दादुराका करिब १६० घटना फेला परेका छन्। यो प्रकोप महिनौंसम्म रहन सक्ने चेतावनी राज्यका स्वास्थ्य अधिकारीहरूले दिनुभएको छ। टेक्सास राज्य स्वास्थ्य सेवा विभागका अनुसार सप्ताहन्तमा टेक्सासमा एक दर्जन दादुराका घटनाहरू पत्ता लगाइएको जनाएको छ। सोमबार अस्टिनमा जनस्वास्थ्य समितिसँगको सुनुवाईको क्रममा राज्य स्वास्थ्य विभागका आयुक्त डा. जेनिफर शुफोर्डले घटनाहरू नौ काउन्टीहरूमा फैलिएको बताउनुभयो।

"हामीलाई थाहा छ कि पछिल्लो १० वर्षमा संयुक्त राज्य अमेरिकामा देखा परेका अन्य प्रकोपहरू महिनौंसम्म चलेका छन्। केही साढे दुई महिनासम्म चलेका छन्, तर न्यूयोर्कमा साढे १० महिनासम्म चलेको थियो ," शुफोर्डले थप्नुभयो।

पहिलो दुई केसहरू जनवरीको अन्तमा पहिचान गरिएको र त्यसबेलादेखि संख्या बढ्दै गएको छ। सबै केसहरू खोप नगरिएका व्यक्तिहरूमा रहेका छन्। धेरै जसो केसहरू ५ देखि १७ वर्ष उमेरका बालबालिकामा छन्। टेक्साससले फेब्रुअरी २६ मा दादुराको प्रकोपबाट अमेरिकामा पहिलो मृत्युको रिपोर्ट गरेको थियो। यो केस खोप लगाएका विद्यालय जाने उमेरका बच्चाको थियो। दादुरा एक अत्यधिक सङ्क्रामक श्वासप्रश्वास रोग हो।

### प्राविधिक समस्याका कारण स्पेसएक्सको स्टारशिप प्रक्षेपण स्थगित

लस एन्जलस, २० फागुन (रासस/सिन्ह्वा)।

अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले प्राविधिक समस्याका कारण सोमबार आफ्नो शक्तिशाली स्टारशिप रकेटको आठौं प्रक्षेपण रद्द गरेको छ। प्रक्षेपण ५:४५ बजेको लागि निर्धारित गरिएको थियो। यद्यपि, प्रक्षेपण काउन्टडाउन टी-४० सेकेन्डमा रोकियो र धेरै मिनेटको लागि होल्डमा रह्यो। कम्पनी टोलीले उडान परीक्षणको लागि अर्को उपलब्ध अवसरको मूल्याङ्कन गरिरहेको छ।

आठौं उडान परीक्षणले स्टारशिपको माथिल्लो चरणमा फर्काउन डिजाइन गरिएको बहु पुनः प्रविष्टि प्रयोग अघिल्लो परीक्षणमा पुग्न नसकेका उद्देश्यहरूलाई लक्षित गर्नेछ। स्पेसएक्सको स्टारशिपका अन्तरिक्ष यान र सुपर हेवी रकेट सामूहिक रूपमा एक पूर्ण प्रयोज्य यातायात प्रणाली प्रतिनिधित्व गर्दछ, जुन चन्द्रमा, मङ्गल र बाहिर लैजान डिजाइन गरिएको हो।

### शान्ति सम्झौता भएन भने युक्रेनी नेता संकटमा : ट्रम्प

वासिङ्टन, २० फागुन (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका युक्रेनी समकक्ष भोलोडिमिर जेलेन्स्कीबीच ओभल अफिसमा भएको मौखिक झडपपछि ट्रम्प प्रशासनले युक्रेनलाई दिँदै आएको सैन्य सहायता रोकेको छ।

ट्रम्पले शान्ति सम्झौतामा प्रगति नभए युक्रेनी नेता धेरै लामो समयसम्म बाँच्न नसक्ने चेतावनी दिनुभयो।

"यो सम्झौता पूरा गर्न त्यति गाह्रो हुनु हुँदैन। यो धेरै चाँडै गर्न सकिन्छ," ट्रम्पले युद्धविरामको सन्दर्भमा पत्रकारहरूलाई बताउनुभयो।

सोमबार ह्वाइट हाउसमा ताइवान सेमीकन्डक्टर म्यानुफ्याक्चरिङ कम्पनी (टीएसएमसी) का प्रमुख कार्यकारी सीसी वेईसँगको कार्यक्रममा ट्रम्पले युद्ध लामो समयसम्म चल्न सक्ने भन्दै जेलेन्स्कीको आलोचना गर्नुभयो।

वार्ता पुनः सुरु गर्न जेलेन्स्कीबाट के हेर्न आवश्यक छ भनेर सोध्दा ट्रम्पले भन्नुभयो,"ठीक छ, मलाई लाग्छ हामीले युक्रेनलाई युरोप भन्दा धेरै दिएका छौं र युरोपले हामी भन्दा धेरै दिनुपर्थ्यो। किनकि तपाईलाई थाहा छ, त्यो त्यहा अवस्थित छ। त्यो युरोपको सीमाना हो। यो युरोपको लागि धेरै महत्त्वपूर्ण थियो।"

"ठीक छ, हामीले ३५० बिलियन अमेरिकी डलर दियौं। तिनीहरूले १०० डलर दिए। तिनीहरूले आफ्नो पैसा फिर्ता पाए, किनभने तिनीहरूले यो ऋणको रूपमा सहयोग गरिरहेका छन्। यो एक सुरक्षित ऋण हो।"

ट्रम्पले गत हप्ता युक्रेन रुसविरुद्धको लडाइमा २७०० युवाहरू मारिएका बताउनुभयो। उहाँले भन्नुभयो,"म ती सबै युवाहरूलाई मारिनबाट रोक्न चाहन्छु। लडाइमा हरेक हप्ता हजारौं मारिरहेका छन्। तिनीहरूले हप्तामा हजारौं सिपाहीहरू गुमाइरहेका छन्। म यसलाई रोकिएको हेर्न चाहन्छु।"

यसअघि फेब्रुअरीमा, युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनको लागि शान्ति र उत्तर एट्लान्टिक सन्धि गठबन्धन (नाटो) को सदस्यताको बदलामा राष्ट्रपति पदबाट राजीनामा दिन आफ्नो इच्छा व्यक्त गरेका थिए।

जेलेन्स्कीले आफ्नो आजको ध्यान युक्रेनको सुरक्षामा रहेको बताउनुभयो। माइलोभानोभले एक्समा साझा गरेको पोस्ट अनुसार, जेलेन्स्कीलाई सोधिएको थियो कि उनी शान्तिका लागि पद त्याग्न तयार छन् कि छैनन्। जवाफमा जेलेन्स्कीले भन्नुभयो,"म शान्तिका लागि पद छाड्न तयार छु। यदि शान्ति भएन भने युक्रेनको लागि नाटोको बदलामा म पद छाड्न पाउँदा खुसी हुनेछु। म आज युक्रेनको सुरक्षामा केन्द्रित छु र दशकौंसम्म सत्तामा रहने छैन।"

# कोशी ब्यारेज क्षेत्रमा मलाह जातिको २६ दिन देखि अनसन निरन्तर




**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**
विभिन्न २० बुदे माग राखी मलाह समुदायका अगुवाहरुले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको कोशी ब्यारेज क्षेत्रमा रिले अनसन बस्न थालेको मंगलवार २६ दिन पुगेको छ ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फार्महरु, सिमसार र रिज्र्भ्यार आदीमा मलाहा जातीलाई ५० प्रतिशत आरक्षण, संघिय र सात वटै प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातीलाई प्राथमिक्ता, सरकारले ठेक्का लगाउँदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलन लगायतका कार्य मलाहा जातीलाई मात्र उपलब्ध गराइनु पर्ने लगायतका २० बुंदे माग अघि सार्दै नेपाल मलाह कल्याण संघको अगुवाईमा गत माघ २५ देखी रिले अनसन सूरु भएको हो ।

मंगलवारको अनसनमा पुर्व वडाध्यक्ष सुन्देश्वर मुखियाको नेतृत्वमा बच्चालाल राम मुखिया, जिवछ मुखिया, विलेखन मुखिया, रघु मुखिया, मोहीत मुखिया, मनिष मुखिया, रेखा देवी मुखिया, चन्द्रिका देवी मुखिया र ललिता देवी मुखिया लगायत ११ जना बसेका छन ।

रिले अनसनमा अहिले सम्म नेकपा एमालेका उपसचिव प्रदीप ज्ञवाली, जनमत पार्टीका नेता जयकान्त राउत, मधेश प्रदेशका गृह संचार तथा कानुन मन्त्री राज कुमार लेखी, पुर्व सिचाई मन्त्री उमेश यादव लगायतका नेता पुगी माग पुरा गराउन पहल गर्ने आश्वासन दिएका छन ।

तर माँग पुरा नभएसम्म आफुहरु घर नफर्किने उनीहरुको अडान छ । नेपाल मलाहा कल्याण संघका राष्ट्रिय अध्यक्ष नारायण मुखिया भन्छन-आश्वासनमा हामी विश्वस्त छैनौ, माग पुरा नभए सम्म फर्कदैनौ ।

नेता र मन्त्रीहरु आएर आश्वासन मात्र दिने गरेकाले रिले अनसन २६ औ दिन पनि जारी राखेको संघका सप्तरी जिल्ला अध्यक्ष पञ्च लाल मुखियाको भनाइ छ । २० बुंदे माग राखेर यस अघि पनि २०६४ साल देखी पटक/पटक तत्कालिन सरकारका प्रमुखलाई ज्ञापन पत्र बुझाएपनि आश्वासन बाहेक केही नपाइएको संघका सचिव सुकलाल मुखियाले बताए । पछिल्लो पटक गत पुष १४ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाइए पनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्यभई अनिश्चितकालिन रिले अनसन थालिएको मलाहा जातीका अगुवाहरुको भनाइ छ ।

# जसपा नेपालले सरकारलाई दिएको समर्थन कायमै राख्ने

काठमाडौं, २० फागुन (रासस) । जनता समाजवादी पार्टी (जसपा), नेपालले सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको छ । तीन दिनसम्म यहाँ बसेको केन्द्रीय समितिको बैठकको अन्तिम दिन मंगलबार सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको हो ।

जसपाले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१', र 'निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१' सहित पाँच वटा अध्यादेशमा सर्मथन गर्ने भए पनि 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' को भने विरोध गर्दै आएको छ ।

यसैगरी जसपा नेपालले 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', र 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१', 'सुशासन प्रवर्द्धनसम्बन्धी अध्यादेश, २०८१' पनि समर्थन गरेको छ ।

पार्टी प्रवक्ता मनिष सुमनले बैठकले भ्रष्टाचार अन्त्य, सुशासन, विकास र संविधान संशोधनका लागि वर्तमान सरकारले काम गर्न नसकेको निष्कर्ष निकाले पनि समर्थन भने कायमै राख्ने निर्णय गरेको बताउनुभयो । बैठकले पाथिभरामा बन्न लागेको केबलकारविरुद्धको 'नो केबलकार अभियान' प्रति समर्थन जनाउँदै वार्ता र संवादमार्फत समस्याको समधान गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको पनि उहाँले जानकारी दिनुभयो ।

### वडाध्यक्षले ...

वडाध्यक्षले उपभोक्ता समिति गठन गरी सर्वसाधारणलाई जानकारी सम्म नदिएको गुनासो गरे ।

वडाध्यक्ष सरदारसंग यसबारे बुझ्दा उनले श्रीलुलसज माध्यमिक विद्यालयका लागि आएको रकम विद्यालयकै खातामा रहेको भन्दै त्यस सम्बन्धि कागजात र कुनै अभिलेख वडा कार्यालयमा नरहेको बताए । उपभोक्ता समिति गठन गर्दा त्यसबारे ठाउँ ठाउँमा सूचना टाँस गरी मात्र समिति गठन गरीएको उनको दाबी छ ।

स्थानीयले भने उक्त सम्पुर्ण प्रकरणको छानवीन हुनु पर्ने माग समेत गरेका छन ।

# स्ववियु निर्वाचनको कार्यतालिका सार्वजनिक

काठमाडौं, २० फागुन (रासस) । त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको प्रक्रिया सुरु गरेको छ ।

त्रिविका आङ्गिक, सम्बन्धनप्राप्त क्याम्पससमा सोमबार बेलुकासम्म विभिन्न विद्यार्थी सङ्गठनले आफ्नो सङ्घ, सङ्गठनको नाम दर्ता गराएका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो । "विद्यार्थी सङ्गठनले आआफ्नो सङ्गठनको नाम निर्वाचनका लागि दर्ता गराउनुभएको छ", उहाँले भन्नुभयो, "विगतभन्दा धेरै क्याम्पसमा यसपटक निर्वाचन हुन्छ ।"

निर्वाचन कार्यतालिकाअनुसार भोलि फागुन २१ गते मतदाता सूची प्रकाशन गर्ने र फागुन २७ गते बिहान ११ देखि २ बजेसम्म प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारको मनोनयन दर्ता गरिने छ । त्रिविले मतदान चैत ५ गते बिहान ८ देखि दिउँसो ४ बजेसम्मका लागि तोकेको छ ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले निर्वाचनका लागि सबै क्याम्पसमा आफ्नो सङ्गठनको मनोनयन गरिएको जानकारी दिनुभयो । यस्तै, नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले पनि सबै क्याम्पसमा सङ्गठनको नाम दर्ता गराइएको बताउनुभयो ।

अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव रोशन मगरले देशभर नै निर्वाचन हुने क्याम्पसमा सङ्गठन दर्ता गरिएको जानकारी दिनुभयो । यसअघि त्रिविले 'स्वविय निर्वाचसम्बन्धी निर्देशिका' आचारसंहिता जारी गरिसकेको छ ।

चैत ५ गते एकै दिन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा स्वविय निर्वाचनमा हुने छ । निर्वाचनमा २८ वर्षे उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा व्यवस्था गरिएको छ ।

# कुनै पनि पार्टीसँग एकीकरणको सम्भावना छैन : नेता खनाल

धनुषा, २० फागुन (रासस) । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले हाल कुनै पनि पार्टीसँग एकीकरणको सम्भावना नरहेको बताउनुभएको छ ।

मंगलबार प्रेस सङ्गठन नेपालद्वारा जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेता खनालले पार्टी एकीकरण गर्नुपर्ने अवस्था नआएकाले हाल यसको सम्भावना नरहेको स्पष्ट पार्नुभयो । तर उहाँले महत्त्वपूर्ण 'एजेन्डा'का आधारमा कार्यगत एकता गर्न सकिने बताउनुभयो । "तत्काल पार्टी एकीकरण सम्भव छैन तर, 'इस्यु'का आधारमा कार्यगत एकता गर्न सकिन्छ । जस्तै, अहिले राष्ट्रियतामाथि खतरा छ । यस्तो अवस्थामा वामपन्थी मात्र होइन, सबैले एकताबद्ध भएर उभिनुपर्छ," खनालले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री खनालले संविधानअनुसार ऐन निर्माणको प्रक्रिया सहजै अघि बढ्न सक्ने भए पनि सरकारले अनावश्यक रूपमा अध्यादेश ल्याएको उल्लेख गर्नुभयो । "संविधानअनुसार सामान्य प्रक्रियाबाट ऐन बनाउन कसैले अवरोध गरेको छैन । यस्तो अवस्थामा अध्यादेश ल्याउनु गलत हो," खनालले भन्नुभयो ।

खनालले वर्तमान सरकारलाई सङ्कटको भारी बोकेर हिँडिरहेको आरोप लगाउनुभयो ।

# स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमका लागि चार अर्ब निकासा

काठमाडौं, २० फागुन (रासस) । अर्थ मन्त्रालयले स्वास्थ्य बीमाको भुक्तानीसहित स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमका लागि थप रू तीन अर्ब ८४ करोड निकासा गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मागका आधारमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त रकम निकासासम्बन्धी निर्णय गर्नु भएको उहाँको सचिवालयले जनाएको छ ।

निकासा भएको रकममा स्वास्थ्य बीमा बोर्डलाई रू तीन अर्ब, ज्येष्ठ नागरिकको उपचारलगायतका लागि रू ६० करोड र मुटु रोगका बिरामीलाई निःशुल्क उपचारका लागि शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रलाई रू २४ करोड रहेको अर्थमन्त्रालयले जनाएको छ ।

# धमिनी खोलामा पुल निर्माणले स्थानीयलाई राहत

सिरहा, २० फागुन (रासस) । सिरहाको गोलबजार नगरपालिका–३ स्थित धमिनी खोलामा पुल (कजवे) निर्माण हुँदा वडा नं १ र ३ का स्थानीयलाई आवतजात गर्ने निकै सहज भएको छ । नगरपालिकाले श्रम–प्रधान सार्वजनिक निर्माण कार्य विकास कार्यक्रमको सहयोगमा कजवे पुल निर्माण गरेसँगै अब स्थानीयवासीले सुरक्षित रूपमा यात्रा गर्न पाउने भएका छन् ।

कजवे निर्माणमा रू १५ लाख खर्च भएको वडा नं ३ का वडाध्यक्ष धनप्रसाद लामाले जानकारी दिनुभयो । उहाँका अनुसार करिब २० दिनमा उपभोक्ता समितिमार्फत सम्पन्न भएको यस पुलको निर्माण कार्यमा स्थानीयले श्रमदान गरेका थिए । लामो समयपछि खोलामा पुल निर्माण हुँदा प्रत्यक्षरूपमा गोलामुक्सारवासीलाई लाभ पुगेको छ । गोलबजारबाट उत्तरतर्फ करिब पाँचसय मिटरको दूरीमा रहेको धमिनी खोलामा पुल बनेसँगै स्थानीयको बजारसँगको दूरी छोटिएको छ । "वर्षौंदेखिको समस्या समाधान भएको छ । वर्षाको समयमा पनि अब सुरक्षित र सहज यात्रा गर्नसक्ने भयौं", स्थानीय पर्वत लामाले खुसी व्यक्त गर्दै भन्नुभयो, "पुल बनेसँगै बजारसँगको दूरी पनि छोटिएको छ । पहिले सामान ढुवानी गर्न धेरै समस्या थियो । अब पुल बनेपछि बजारसम्म सजिलै पुग्न सकिने छ ।"

वर्षाको समयमा खोला बाढी आउँदा गाउँमै थुनिनुपर्ने, जोखिमपूर्ण यात्रा गर्नुपर्ने, साइकल तथा मोटरसाइकल दुर्घटनामा पर्नेजस्ता समस्याबाट मुक्ति मिलेको अर्का स्थानीय नरबहादुर आलेले बताउनुभयो । उहाँका अनुसार वडा नं १ र ३ का करिब एकसय २० स्थानीय घरपरिवारीलाई खोला पार गरेर एक गाउँबाट अर्को गाउँ जान राहत पुगेको छ ।

विगतमा पुलको अभावले आकस्मिक स्वास्थ्य सेवा समेत प्रभावित हुने गरेको भन्दै नगरप्रमुख श्यामकुमार श्रेष्ठले धमिनी खोलामा पुल बनेसँगै गर्भवती महिला, बिरामी तथा वृद्धवृद्धालाई प्रत्यक्ष लाभ पुगेको उल्लेख गर्नुभयो । उहाँले पुल निर्माणले स्थानीयको दैनिक जीवन मात्र नभई आर्थिक, सामाजिक, स्वास्थ्य तथा शैक्षिक क्षेत्रमा समेत सुधार ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

### कडा लक्षणको ...

प्रमुखसमेत रहेका डा मिश्राले दम भएका बिरामी, पाँच वर्षमुनिका बालबच्चा र ६० वर्ष माथिका व्यक्ति, रोगसँग लड्नसक्ने क्षमता कम भएकाहरूमा फ्लूको जोखिम रहने बताउनुभयो । उहाँ भन्नुहुन्छ,"लक्षण बिग्रिँदै गइरहेको छ, अक्सिजनमा कमी आएको छ भने तत्काल चिकित्सकलाई भेट्नुपर्छ । लक्षण सामान्य देखिएका छन् भने आराम गरेर निको हुन्छ । आराम गर्ने, झोलिलो पदार्थ प्रशस्त खाने गर्नुपर्छ । धेरैजसो आफैं हराएर जान्छ ।"

जटिलता निम्तिएको खण्डमा निमोनिया, मुटुको चालमा गडबडी, रगतमा सङ्क्रमणसमेत हुनसक्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने उहाँको सुझाव छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१–५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*